आज मिति २०८१ भाद्र१५गते दिन यस रास्कोट नगरपालिकाका नगर प्रमुख श्री धर्मराज शाही ज्यूको अध्यक्षतामा तथा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बैठक बसि तपशिलका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो।

**तपशिलः**

| पद | नाम थर | हस्ताक्षर |
|---|---|---|
| नगर प्रमुख | श्री धर्मराज शाही | |
| नगर उप प्रमुख | श्री मनिराज बराल | |
| वडा अध्यक्ष | श्री उदयराम आचार्य | |
| वडा अध्यक्ष | श्री धुर्वराज सिम्खडा | |
| वडा अध्यक्ष | श्री राजेन्द्रनाथ योगी | |
| वडा अध्यक्ष | श्री दिनेश संज्याल | |
| वडा अध्यक्ष | श्री मन तिरुवा | |
| वडा अध्यक्ष | श्री कर्ण फर्साल | |
| वडा अध्यक्ष | श्री कपुर महतारा | |
| वडा अध्यक्ष | श्री मनिराज बराल | |
| वडा अध्यक्ष | श्री धन बहादुर धामी | |
| कार्यपालिका सदस्य | श्री भैरे तिरुवा | |
| " | श्री दंगली सार्की | |
| " | श्री तारा वि क | |
| " | श्री भैपुरा बम शाही | |
| " | श्री रत्ना देवी न्यौपाने | |
| " | श्री उमा योगी | |
| " | श्री पुनम बम शाही | |
| " | श्री गोविन्द्रा सुनार | |
| सदस्य सचिव | श्री जवान सिंह वम | |

**निर्णय नं. १** यस रास्कोट नगरपालिकाको आ.व २०८१/०८२ को नगर सभाबाट पारित नीति तथा कार्यक्रम, बजेट बक्तव्यलाई कार्यान्यवन गर्न सम्पूर्ण शाखा, वडा कार्यालयहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२** गत आ.व. २०८०/०८१ को वार्षिक वित्तीय प्रगतिको समिक्षा गर्दै चालु आ.व.का स्वीकृत योजना तथा कार्यक्रमहरुको प्रत्येक त्रैमासिक रुपमा अनिवार्य प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.३ माथि छलफल गर्दा यस रास्कोट नगरपालिका र अन्तर्गतका मातहतका कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन , सेवा प्रवाह चुस्त दुरुस्त र पारदर्शि बनाउन सबै वडा कार्यालयमा नागरिक वडा पत्रको निर्माण, सेवालाई सर्वसुलभ र प्रविधिमैत्री बनाउन सूचना प्रविधिको प्रयोगमा वृद्धि ल्याउने र त्यसका लागि कर्मचारीहरुको क्षमता विकास तालिमको व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय्र नं.४ माथि छलफल गर्दा रास्कोट नगरपालिको सार्वजनिक सेवा प्रवाहमा सुशासन कायम गरी सेवा प्रवाहलाई सरल, सहज र सूचना प्रविधिमा आधारित प्रविधि मैत्री सेवा प्रवाह बनाउन **सार्वजनिक सेवा प्रवाह मापदण्ड, २०८१** लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** माथि छलफल गर्दा रास्कोट नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुको गुणस्तर मूल्यांकन गरी सूधारका क्षेत्र पहिचान गर्ने तथा शैक्षिकस्तर उकास्ने उदेश्यले तयार पारिएको सामुदायिक विद्यालय स्तरीकरण कार्यविधि, २०८१ लाई स्वीकृत गर्ने निर्णय गरियो ।